# स्थानीय राजपत्र


## गल्छी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड : ३ सङ्ख्या : १ मिति : २०७६/०३/३०


## भाग : १

## आर्थिक बर्ष २०७६/०७७ को सेवा र कार्यहरुको लागि गल्छी गाउँपालिकाको सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्थागर्न बनेको विधेयक

**प्रस्तावना** : आर्थिक बर्ष २०७६/०७७ को सेवा र कार्यहरुको लागि गल्छी गाउँपालिकाका सञ्चित कोषबाट केही रकम विनियोजन गर्ने र सो रकम खर्च गर्ने अधिकार दिन वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम गल्छी गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "गल्छी गाउँपालिकाको विनियोजन ऐन, २०७६" रहेको छ ।

(२) यो ऐन सम्बत् २०७६ साल श्रावण १ गते देखि प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७५/७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :** (१) आर्थिक वर्ष २०७६/७७ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ६५,०८,०७,०००।- (अक्षेरुपी पैसट्ठी करोड आठ लाख सात हजार) मात्रमा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ। तर नेपाल सरकार, प्रदेश सरकार तथा अन्य निकायबाट प्राप्त हुने थप सशर्त अनुदानको हकमा प्राप्त भए वमोजिम तथा निशर्त अनुदानको हकमा कार्यपालिका बैठकको निर्णय बमोजिम खर्च गर्न सकिने छ ।

३. **विनियोजन :** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६/०७७ को निमित्त गल्छी गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक

वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

४. **कार्यविधि तथा मापदण्ड बनाउन सक्ने :** यस ऐनको कार्यान्वन गर्न गल्छी कार्यपालिकाले आवश्यक कार्यविधि तथा मापदण्ड बनाउन सक्नेछ सो कार्यविधि तथा मापदण्ड स्थानीय राजपत्रमा प्रकाशित गरेपछी कार्यान्वयन गरिनेछ ।

# अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

## नेपालको संविधानको धारा २२९ (२) बमोजिम
## संञ्चित कोषबाट विनियोजन हुने रकम

| गल्छी गाउँपालिकाको कुल आम्दानी हुने बजेट | | |
|---|---|---|
| सि.न. | आम्दानी को श्रोतहरु | बजेट रकम (रु हजारमा) |
| १ | आ.व. ०७५/७६ को मौज्दात हुने अनुमानित रकम | १०६००० |
| २ | संघीय वित्तीय समानीकरण | १४२००० |
| ३ | संघीय राजस्व बाडफाड | ७७६०० |
| ४ | प्रदेश वित्तीय समानीकरण | १०१६९ |
| ५ | प्रदेश सवारी साधन कर | १४४५४ |
| ६ | बिक्रि शुल्क (दहत्तर बहत्तर) | ७८००० |
| ७ | अन्य आम्दानी | ५००० |
| ८ | मालपोत रजिस्ट्रेसन | २००० |
| ९ | संघीय ससर्त अनुदान | १२०६०० |
| १० | प्रदेश ससर्त अनुदान | १५८४ |
| ११ | सामाजिक सुरक्षा | ७०००० |
| १२ | संघीय सरकार उच्च मुल्य सृंखला कृषि कार्यक्रम | १२०० |
| १३ | जिल्ला समन्वय समिति. बिभाज्य कोषको हिस्सा रकम | २०००० |
| १४ | स्थानीय शासन क्षमता विकास कार्यक्रम | १२०० |
| १४ | सडक बोर्ड नेपाल | १००० |
| कुल जम्मा | | ६५०८०७ |

| गल्छी गाउँपालिकाको कुल खर्च हुने बजेट | | |
|---|---|---|
| **सि.न.** | **विवरण** | **विनियोजित रकम (रु हजारमा)** |
| १ | संघीय ससर्त अनुदान | १२०६०० |
| २ | प्रदेश ससर्त अनुदान | १५८४ |
| ३ | सामाजिक सुरक्षा | ७०००० |
| ४ | संघीय सरकार उच्च मुल्य सृंखला कृषि कार्यक्रम | १२०० |
| ५ | स्थानीय शासन क्षमता विकास कार्यक्रम | १२०० |
| ६ | सडक बोर्ड नेपाल | १००० |
| ७ | उपभोग खर्च, संचालन एबम् प्रशासनिक खर्च तथा कार्यालयले संचालन गर्ने चालु कार्यक्रम समेत | १४०००० |
| ८ | **विषयगत शाखा**<br>शिक्षा ७५ लाख, स्वास्थ्य शाखा ९० लाख, आयुर्वेद शाखा १० लाख, कृषि शाखा ८० लाख, पशु शाखा ३५ लाख, महिला बालबालिका जेष्ठ नागरिक अपाङ्ग ३५ लाख उद्योग शाखा १० लाख, सहकारी शाखा १० लाख, सूचना प्रबिधि शाखा ६० लाख, बन बातावरण शाखा २० लाख | ४२५०० |
| ९ | मेशिनरी औजार कार्यालय तर्फ | १२०० |
| १० | मेशिनरी औजार वडा तर्फ | ८०० |
| ११ | मेशिनरी औजार अन्य निकाय तर्फ | १००० |
| १२ | सवारी साधन | १००० |
| १३ | विद्युत्त पोल तार खरिद | ७५०० |
| १४ | समपुरक कोष | २०००० |
| १५ | भैपरि आउने पुंजीगत | ३०००० |
| १६ | पाल्चोक आयुर्वेद भवन क्रमागत | १०००० |

| | | |
|---|---|---|
| १७ | बैरेनी स्वाथ्य चौकीलाई अस्पताल भवन निर्माण क्रमागत | २०००० |
| १८ | वडा कार्यालय जग्गा खरिद वा भवन निर्माण (वडा नं. १ - १५ लाख, वडा नं. २ - १५ लाख, वडा नं. ४ - १५ लाख, वडा नं. ६ - ५० लाख, वडा नं. ७ - ३० लाख) | १२५०० |
| १९ | वडा नं. ३ र ५ को वडा कार्यालय भवन निर्माण | १०००० |
| २० | ल्याण्डफिल्ड साईट निर्माण वडा नं. ६ | ५००० |
| २१ | वडा स्तरीय योजना | ९०००० |
| २२ | बिक्रि शुल्क प्रदेश हिस्सा | ३१२०० |
| २३ | अधुरा योजना रकम भुक्तानी दिन बाँकी बागेश्वरी नमुना बहुमुखी क्याम्पस पूर्वाधार निर्माण, केउरिनीटारदेखि खरीढुंगा हुँदै वडा नं. २ सम्म जाने सडक र वडा नं. ३ को चापाबोट खेल मैदान | ३०८०० |
| २४ | वडा कार्यालय तथा कार्यालयमा फर्निचर | १३२३ |
| २५ | स्वास्थ्य चौकि सोलार पोल/बत्ति | ४०० |
| कुल जम्मा | | ६५०८०७ |

आज्ञाले,
दान बहादुर ऐडी
प्रमुख प्रशासकीय अधिकृत